**आकाशवाणी समाचार- नेपाली**

**मितिः ०३ अप्रेल २०२६**

**समयः ०७:२५ – ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**प्रमुख समाचार**

- भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा प्रधानमंत्री नरेन्द्र मोदीले आज दिउसो चुनाव प्रचारमा भाग लिन पुद्दुचेरी जानु हुनेछ।

- भारतीय जनता पार्टीका वरिष्ठ नेता एवं गृह मंत्री अमित शाह आज असमको गोलकगंज निर्वाचन क्षेत्रमा एक जनसभालाई संबोधित गर्नुहुनेछ।

- रक्षा मंत्री राजनाथ सिंहले पश्चिम एशियामा बढ्दो तनाव बीच देशको राष्ट्रीय हितको रक्षाको लागि चौबीस घण्टा निगरानी अनि सुनियोजित प्रतिक्रियामाथि जोर दिनु भएको छ।

- मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले पश्चिम बंगालको मालदा जिल्लामा न्यायिक अधिकारिहरु माथि भएको हमलाको जांच **राष्ट्रीय जांच एजेंसी-एन.आई.ए.** लाई सौंपिनु भएको छ।

- इंडियन प्रीमियर लीग- आई.पी.एल. क्रिकेटमा , सनराइजर्स हैदराबादले हिज राति कोलकाताको ईडन गार्डन्समा कोलकाता नाइट राइडर्सलाई 65 रनले पराजित गरेको छ।

**पुद्दुचेरी-पीएम दौरा**

भारतीय जनता पार्टीका वरिष्ठ नेता तथा प्रधानमंत्री नरेन्द्र मोदीले आज दिउसो चुनाव प्रचारमा भाग लिन पुद्दुचेरी जानु हुनेछ । हाम्रो संवाददाताको रिपोर्ट अनुसार श्री मोदीले रोड शोमा भाग लिनु हुनेछ अनि पार्टी कार्यकर्ताहरु अनि आम नागरिकहरुलाई संबोधन गर्नु हुनेछ।

**प्रधानमंत्री-विदेश मंत्री-मंटुरोव की बैठक**

प्रधानमंत्री नरेंद्र मोदीले हिज नयाँ दिल्लीमा रूसका **उप प्रधानमंत्री डेनिस मंतुरोव सिट भेट गर्नु भयो** । उहाँहरुले व्यापार, उर्वरक, संपर्क र जनस्तरको सम्बन्धमा पारस्परिक रुपमा लाभकारी सहयोगको विषयमा छलफल गर्नु भयो । सोशल मीडिया पोस्टमा , श्री मोदीले भन्नु भयो पछिलो वर्ष दिसंबरमा राष्ट्रपति पुतिनको भारत भ्रमण अवधि 23 औ भारत-रूस वार्षिक शिखर सम्मेलनको परिणामहरुलाई लागू गर्नको लागि दुवै पक्ष द्वारा भइरहेको निरंतर प्रयासहरुको उहाँले स्वागत गर्नु भयो। विदेश मन्त्री डा. एस जयशंकर र श्री मन्तुरोभले दिल्लीमा भएको भेटमा पश्चिम एसियामा जारी द्वन्द्व लगायत क्षेत्रीय तथा विश्वव्यापी घटनाक्रममाथि छलफल गर्नुभयो। एक सामाजिक सञ्जाल पोस्टमा श्री जयशंकरले भन्नुभयो, व्यापार, उद्योग, ऊर्जा, मल, कनेक्टिभिटी र गतिशीलतामा केन्द्रित भारत-रुस द्विपक्षीय सहयोगको बारेमा गहन छलफल गर्नुभयो। उहाँहरूले प्रविधि, नवीनता र महत्वपूर्ण खनिजहरूमा नयाँ अवसरहरूको बारेमा पनि छलफल गर्नु भयो।

**अमित शाह-असम भ्रमण**

भारतीय जनता पार्टीका वरिष्ठ नेता एवं गृह मंत्री अमित शाह आज असमको गोलकगंज निर्वाचन क्षेत्रबाट भाजपा उम्मीदवारको समर्थनमा धुबरी जिल्लाको रतियादाहा स्थित मेला मैदानमा एक जनसभालाई संबोधित गर्नुहुनेछ।यसपछि उहाँले गोलपाराको दुधनोई निर्वाचन क्षेत्रका उम्मीदवारको समर्थनमा एक चुनावी रैलीलाई संबोधित गर्नुहुनेछ । श्री

शाहले पलाशबारी निर्वाचन क्षेत्रका उम्मीदवारको समर्थनमा चायगांव उच्च माध्यमिक विद्यालयको मैदानमा पनि सभालाई संबोधित गर्नुहुनेछ।

**संशो.प्रधानमंत्री-जनविश्वास विधेयक**

जन विश्वास (प्रावधानहरूको संशोधन) विधेयक 2026 पारित भएपछि देशमा जीवन यापन र व्यापार गर्नमा बढावा मिल्नेछ । सोशल मीडिया पोष्टमा प्रधानमन्त्री मोदीले विधेयकले विश्वासमा आधारित पूर्वाधारलाई बलियो बनाउने, नागरिकहरूलाई सशक्तीकरण प्रदान गर्ने र पुराना नियम र नियमहरूको अन्त्य गर्ने बताउनु भयो। श्री मोदीले भन्नुभयो, यसले मुद्दाहरूको द्रुत निपटारा सुनिश्चित गर्नेछ र अपराधको श्रेणीबाट मुद्दाको बोझ कम गर्नेछ। उहाँले संसदमा यसलाई पारित गर्न समर्थन गर्ने सबैको प्रशंसा गर्नु भयो।

संसदले जन विश्वास (प्रावधान संशोधन) विधेयक पारित गरेको छ राज्यसभाले यसलाई हिज मंजूरी प्रदान गर्यो। लोकसभाले बुधवार यो विधेयक पारित गरेको थियो।

यो विधेयकले जीवन यापन र व्यापार गर्नमा सुगमताको लागि विश्वासमा आधारित शासनलाई सुद्रिड बनाउनको लागि कानुनमा केहि संशोधन गर्दछ, ताकि अपराधहरुलाई अपराधको श्रेणी देखि बाहिर गर्न सकियोस अनि यसलाई तर्कसंगत बनाउन सकियोस।

**राजनाथ सिंह-मंत्री बैठक**

रक्षा मंत्री राजनाथ सिंहले पश्चिम एशियामा बढ्दो तनाव बीच देशको राष्ट्रीय हितको रक्षाको लागि चौबीस घण्टा निगरानी अनि सुनियोजित प्रतिक्रियामाथि जोर दिनु भएको छ। रक्षा मंत्रीले हिज नयाँ दिल्लीमा **मंत्रिहरुको अनौपचारिक अधिकार प्राप्त समूहको बैठक** को अध्यक्षता गर्नु हुदै यो कुरा बताउनु भएको हो। उहाँले मंत्री समूहलाई पश्चिम एशिया संघर्षको मद्देनजर सरकार द्वारा उठाइएको कदमहरु बारे अवगत गराउनु भयो। बैठक अवधि, सचिवहरुको सात अधिकार प्राप्त समूहले स्थितिको सामना गर्न उठाएको कदमहरु बारेमा पनि जानकारी दिनु भयो। रक्षा मंत्रालयले यी उपायहरुले कपड़ा, पैकेजिंग र फार्मास्यूटिकल्स सहित अन्य क्षेत्रहरु माथि लागतको दबाव कम हुने अनि देशमा आपूर्ति स्थिरता सुनिश्चित हुने तथा निवेश गर्न इच्छुकहरुलाई आवश्यक स्पष्टता प्राप्त हुने बताएको छ।
मन्त्री समूहलाई **एल.पी.जी.** वितरकसँग आपूर्ति अवरुद्ध भएको कुनै रिपोर्ट नरहेको र घरेलु ग्यासको अभाव जस्तो अवस्था पनि नभएको बताइएको छ। बैठकमा संघर्षबाट उत्पन्न कुनै पनि प्रतिकूल प्रभावलाई कम गर्नको लागि सरकार द्वारा उठाइएको अघिलो कदम माथि विचार-विमर्श गरियो।

**यस मंत्री समूहको गठन पश्चिम एशियामा बदलिँदो स्थिति माथि नजर राख्नको लागि गरिएको हो।** सूचना तथा प्रसारण मंत्री अश्विनी वैष्णव, विदेश मंत्री डॉ. एस. जयशंकर, स्वास्थ्य तथा परिवार कल्याण मंत्री जगत प्रकाश नड्डा, पेट्रोलियम तथा प्राकृतिक ग्यास मंत्री हरदीप सिंह पुरी, ऊर्जा मंत्री मनोहर लाल, नवीन तथा नवीकरणीय ऊर्जा मंत्री प्रल्हाद जोशी र विज्ञान तथा प्रौद्योगिकी मंत्री डॉ. जितेंद्र सिंह बैठकमा उपस्थित थिए।

**राजनाथ सिंह - जनगणना 2027**

रक्षा मंत्री राजनाथ सिंहले हिज जनगणना 2027 अन्तर्गत स्व-गणना प्रक्रियामा भाग लिनु भयो। सोशल मीडिया पोस्टमा उहाँले जनगणना 2027 को पहिलो पहला चरण शुरू भएको बताउनु भयो। रक्षा मंत्रीले सबै नागरिकहरुलाई सक्रिय रूपमा भाग लिन अनि स्व-गणना पूरा गर्ने आग्रह गर्नु भयो।

**राजनाथ सिंह - फ्रिगेट तारागिरी**

रक्षा मंत्री राजनाथ सिंह आज विशाखापत्तनममा अत्याधुनिक स्टील्थ फ्रिगेट **'तारागिरी' को** कमीशनिंग समारोहमा शामिल हुनु हुनेछ। श्री सिंहले सोशल मीडियामा यो कमीशनिंगले भारतको पूर्वी तटको रणनीतिक तथा समुद्री महत्वलाई

प्रदिर्शित गर्ने बताउनु भयो। यो रक्षा क्षेत्रमा भारतको बढ्दो आत्मनिर्भरताको दिशामा एक ठुलो कदम हो। विशाखापत्तनमको पूर्वी तटमा यसको तैनातीले हिंद महासागर क्षेत्रमा भारतको निगरानी र परिचालन क्षमतालाई अझ सुद्रिड बनाउने छ l

**पश्चिम बंगाल- सीबीआई जांच**

मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले पश्चिम बंगालको मालदा जिल्लामा न्यायिक अधिकारिहरु माथि भएको हमलाको जांच **राष्ट्रीय जांच एजेंसी-एन.आई.ए.** लाई सौंपिएको छ। **एन.आई.ए.** टीम आज पश्चिम बंगाल आइ पुग्ने छ। यस आघि हिज, सर्वोच्च न्यायालयको मालदा जिल्लमा एस.आई.आर. प्रक्रियामा रहेका सात न्यायिक अधिकारिहरुलाई बंधक बनाइएको मामिलामा संज्ञान लिएको थियो। न्यायालयले यसलाई निंदनीय बताउदै राज्यका गृह सचिव, पुलिस महानिदेशक अनि अन्य अधिकारिहरु सित निष्क्रियताको लागि जवाब मांगेको थियो। यो निर्णय सर्वोच्च न्यायालयका निर्देशको अनुपालनमा लिएको हो। उनीहरुले 6 अप्रैलको दिन सर्वोच्च न्यायालयलाई आफ्नो प्रारंभिक रिपोर्ट प्रस्तुत गर्नेछ।

**आरबीआई - रुपये विनिमय**

भारतीय रिज़र्व ब्यांकले अंतरराष्ट्रीय हवाई अड्डाहरुको प्रस्थान हलहरूमा अवस्थित विदेशी मुद्रा विनिमय काउन्टरहरूमा बासिन्दाहरूलाई भारतीय रुपियाँ नोट साट्न अनुमति दिने निर्णय गरेको छ। यो सेवा पहिले गैर-भारतीयहरूका लागि मात्र उपलब्ध थियो। यात्रीहरुले आव्रजन वा सीमा शुल्क डेस्क अघि ड्यूटी-फ्री क्षेत्र अथवा सुरक्षा क्षेत्रमा स्थापित विदेशी मुद्रा काउंटरहरुबाट भारतीय रुपियाँको साट्न सक्ने छन्।

**पेट्रोलियम मंत्रालय बैठक**

पेट्रोलियम तथा प्राकृतिक ग्यास मंत्रालयका सचिव नीरज मित्तलले हिज देश भरि ईंधन आपूर्तिको स्थितिको समीक्षा गर्न सबै राज्य नि केंद्र शासित प्रदेशहरुको उच्च अपर मुख्य सचिव अनि प्रधान सचिवहरु - खाद्य तथा नागरिक आपूर्ति सित बैठकको अध्यक्षता गर्नु भयो। बैठक अवधि, सचिवले राज्यहरुमा जमाखोरी, हेराफेरी र अनावश्यक डर उत्पन्न गर्ने गलत सूचनाहरुको प्रसार विरुद्ध कडा निगरानी राख्ने सलाह दिनु भयो।

**कांगो नरसंहार**

डेमोक्रेटिक रिपब्लिक ऑफ कांगोमा , इस्लामिक स्टेट समूहसंग सम्बन्धित विद्रोहिहरुले देशको पूर्वी भागमा 30 भन्दा अधिक मानिसहरुको हत्या गरेका छन्। ए.डी.एफका लड़ाकुहरुले बुधवार राति युगांडाको सीमादेखि लागेको पूर्वी भागमा स्थित बाफवाकोआ गांवमा नागरिकहरुको हत्या गरेका थिए। एडीएफ विद्रोहिहरुले गांवमा घरहरुमा आगो लगाई दिएका थिए र निर्दोष मानिसहरुको हत्या गरेका थिए। ए.डी.एफ. युगांडाको एक इस्लामीक समूह हो जो एक इस्लामिक स्टेटसंग सम्बन्धित छ।आक्रमणमा परि 30 मानिसहरुको मृत्यु भएको र कयौ मानिसहरु अझ पनि निखोज रहेको स्थानीय अधिकारिहरुले बताएका छन्|

**तथ्य जांच- मिरांडा हाउस**

सरकारले इंटरनेटमा प्रसारित भइरहेको त्यस वीडियोको खंडन गरेको छ जसमा दावा गरिएको छ कि पश्चिम एशिया युद्धको अवधि एल.पी.जी. संकटको कारण भोजनको कमीलाई लिएर मिरांडा हाउस की छात्राहरुले, छात्रावास अधिकारिहरुको विरुद्ध विरोध प्रदर्शन गरिरहेका छन्। पत्र सूचना कार्यालयको तथ्य जांच इकाईले स्पष्ट गरेको छ कि यो दावा भ्रामक हो।

**आईपीएल**

इंडियन प्रीमियर लीग- आई.पी.एल. क्रिकेटमा, सनराइजर्स हैदराबादले हिज राति कोलकाताको ईडन गार्डन्समा कोलकाता नाइट राइडर्सलाई 65 रनले पराजित गरेको छ। 227 रनको लक्ष्यलाई पछयाउदै कोलकाता नाइट राइडर्स केवल 16 ओवरमा 161 रनमा सिमित रह्यो । यसभन्दा अघि, ब्यार्टिंग गर्दै, सनराइजर्स

हैदराबादले निर्धारित 20 ओवरमा 8 विकेट गुमाएर 226 रन बनाए। आज, चेन्नई सुपर किंग्सको भिडन्त पंजाब किंग्ससंग चेन्नईको एम. ए. चिदंबरम स्टेडियममा साँझ सात बजेर 30 मिनटमा शुरु हुनेछ ।